# कार्यविधीको अनुसूची ४ अनुसारको

# छार्का ताङसोङ गाउँपालिकाको आर्थिक वर्ष २०७४/०७५ को

# सामाजिक परीक्षण प्रतिवेदन

## १. पृष्ठभूमि

सामाजिक परीक्षणको परिभाषा समानता भेटिदैन । सामान्य परिभाषा अनुसार सामाजिक परीक्षण कुनै पनि संस्थाको सामाजिक कार्य सम्पादनको परीक्षण हो । जसमा सरोकारवालाले सामाजिक कार्य सम्पादनका लागि भविष्यमा गर्न सकिने सुधारको आशा राख्दछन् । आर्थिक लेखापरीक्षण र सामाजिक परीक्षण बीच केही समानताहरु छन् । यी दुवैमा अभिलेख र प्रक्रियाको जाँच र त्यसको सारांश र प्रतिवेदन तयारी गरिन्छ । तर तात्विक फरक के हो भने सामाजिक परीक्षणका व्यवस्थापन, बोर्ड सदस्य, कर्मचारी, सेवाग्राही,समुदाय,नीति निर्माता सबैलाई सामाजिक कार्य सम्पादनको लेखाजोखाको अवसरमा सहभागी गराइन्छ, भने आर्थिक लेखा परीक्षणमा लेखापरीक्षकले आफ्नो राय मात्र उल्लेख गर्दछन् ।

पहिलो पटक सामाजिक परीक्षण गरिँदैछ भने विगतको कार्य सम्पादनको मूल्याङ्कनमा भन्दा संख्यागत संरचना, प्रक्रिया र उद्देश्यमा जोड दिनुपर्दछ । स्थानीय तह (आर्थिक प्रशासन) नियमावली, २०६४ को नियम २०१ ले गरेको व्यवस्था अनुसार वर्षमा एक पटक सामाजिक परीक्षण गर्नै पर्ने प्रावधान भएकोले स्थानीय तहहरु (महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकाहरु) ले आर्थिक वर्ष समाप्त भएको प्रथम चौमासिक भित्र सामाजिक परीक्षण गरी सक्नुपर्छ । यसका लागि स्थानीय तहले सो तहसँग प्रत्यक्ष सम्बन्ध नभएको विज्ञलाई सामाजिक परीक्षकको रुपमा सेवा करारमा लिनु पर्दछ । सामाजिक परीक्षण कार्यको सहयोग तथा समन्वयका लागि स्थानीय तहले एक समन्वय समिति गठन गर्नेछ । समन्वय समितिको गठन बाध्यात्मक भने हुने छैन ।

सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट अध्ययन पश्चात् सम्पूर्ण सरोकारवाला सहितको समावेशी उपस्थितिमा प्रारम्भिक प्रतिवेदन प्रस्तुत गर्नु पर्दछ । छलफलमा उठेका सवाल र जवाफलाई समेटी अन्तिम प्रतिवेदन तयार गरिन्छ । यसलाई स्थानीय तहको योजना तर्जुमाको विभिन्न चरणमा, सामाजिक तथा जनसंख्या समिति र परिषद्बाट पेश गर्नु पर्ने प्रावधान रहेको छ । यसरी स्थानीय तहबाट भएका कामहरुले सामाजिक उपलब्धि कति हासिल भए सोको विश्लेषणबाट प्रभाव सम्मको अवस्थाको आंकलन गर्न सामाजिक परीक्षण विधि निकै प्रभावकारी भएको देखिन्छ । सामाजिक परीक्षणको सैद्धान्तिक पक्षको अनुसरण, सामाजिक परीक्षण कार्यविधिको महत्वपूर्ण पाटो भएकाले यसको सफल कार्यान्वयनबाट आफ्नो सामाजिक विकासको उत्तरदायित्व पूरा गर्न स्थानीय तहलाई ठूलो टेवा पुग्नेछ । यसैको आधारमा भविष्यको रणनीति तथा योजना तयार गर्ने कार्यका लागि यसका निष्कर्षहरुले सघाउँनेछन् । सामाजिक परिक्षण कार्यविधि २०६७ बमोजिमको अधिनमा रहि **छार्का ताङसोङ गाउँपालिकाको** आर्थिक वर्ष २०७४/०७५ को सामाजिक परीक्षण गरिएको छ ।

## २. सामाजिक परीक्षणको उद्देश्य

स्थानीय तह (आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०१ ले गरेको व्यवस्था अनुरुप गाउँपालिकाको एक आर्थिक वर्षमा गाउँपालिका कै समग्र सामाजिक उत्तरदायित्व परीक्षण ( लेखाजोखा) गर्नु यस सामाजिक परीक्षणको उद्देश्य हो । सामाजिक परीक्षण सैद्धान्तिक र व्यवहारिक पक्षलाई समेट्दै गाउँपालिकालाई ऐन नियमले तोकेको सामाजिक जिम्मेवारी, त्यस अनुसार संचालित कार्यक्रम, योजनाले ल्याएको सामाजिक उपलब्धि र सामाजिक जिम्मेवारी बहन गर्न सक्ने संस्थागत क्षमता आदिको लेखाजोखा यसको केन्द्र विन्दुमा रहेका छन् ।

## ३. सामाजिक परीक्षण विधि

सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट देहाय बमोजिमका विधिहरुको प्रयोग गरिएको थियो ।

### ३.१ सन्दर्भ सामग्री समीक्षा र अध्ययन

- स्थानीय तह सम्बन्धी ऐन, नियम, कार्यविधिहरु र निर्देशिकाहरु
- स्थानीय तहको सामाजिक विजम्मेवारी, लक्ष्य, उद्देश्य
- आवधिक तथा वार्षिक योजना (विषयगत कार्यालयहरुको समेत)
- सामाजिक उपलब्धि, कार्य सम्पादन, परिणाम र प्रभाव सम्बन्धी अभिलेख तथा सूचना
- नागरिक बडापत्र
- बार्षिक प्रतिवेदनहरु

### ३.२ अन्तवार्ता र समूह छलफल

**छार्का ताङसोङ गाउँपालिका**को पदाधिकारीहरु, अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुख, आयोजना प्रमुख, विषयगत कार्यालय प्रमुखसँग अर्धसंरचित (Semi-structured) अन्तरवार्ता गरिएको थियो । अन्तरवार्ताबाट समेटिन नसकेका विषयहरुका लागि सम्बन्धित कर्मचारीहरुको सानो समुह बनाई समुह छलफल गरियो । प्रमुख समस्या, चुनौती तिनीहरुको

सम्पादनको अवस्था र भावी कार्यदिशाका बारेमा गहन अध्ययन गरी बुँदागत रुपमा प्रतिवेदन तयार गरिएको थियो ।

## ३.३ प्रारम्भिक प्रतिवेदन प्रस्तुति तथा छलफल

निम्नानुसारका शीर्षकमा केन्द्रिकृत रहि प्रारम्भिक प्रतिवेदन माथि छलफल गरिएको थियो ।

- सामाजिक परीक्षणका निष्कर्षहरु
- सामाजिक परीक्षणकले औंल्याएका सवालहरु
- सवालहरुको प्राथमिकीकरण
- यी सवालहरुलाई सम्बोधन गर्ने प्रतिबद्धता
- सामाजिक प्रतिवेदनले समेट्न नसकेका विषयवस्तु सुझावहरु संकलन

# ४. प्रारम्भिक तयारी, प्रस्तुतिकरण तथा छलफल

## ४.१ प्रतिवेदन तयारी

सामाजिक परिक्षणको प्रारम्भिक प्रतिवेदन प्रस्तुतिकरण कार्यक्रममा छलफलमा उठेका सुझावहरु र अन्तिम प्रतिवेदन तयारी गरिएको छ । प्रतिवेदनका विषयवस्तु निम्नानुसार प्रस्तुत गरिएको छ ।

- पृष्ठभूमि
- सामाजिक परीक्षणको उद्देश्य
- अध्ययन विधि
- बृहत छलफल कार्यक्रमको विवरण

- अध्ययनको सिमा
- बृहत छलफल कार्यक्रमको विवरण
- सामजिक परीक्षणबाट देखिएका सवाल पक्षहरु
- सामाजिक परीक्षणबाट देखिएका चुनौती तथा कमी कमजोरीहरु
- सामाजिक जिम्मेवारी पुरा गर्न स्थानीय तहले चाल्नु पर्ने कदमहरु वा सुझावहरु

## ४.२ सामाजिक परीक्षणमा समावेश भएका पक्षहरु

स्थानीय तह सामाजिक परीक्षण कार्यविधि २०६७ को व्यवस्था अनुसार विषयगत कार्यालय र गाउँपालिकाको वार्षिक कार्यक्रम/ आयोजनामा समावेश भएका गैर सरकारी संस्थाहरुको हकमा नगरपालिकाकै अभिन्न अंगको रुपमा सामाजिक परीक्षणमा सामाजिक जिम्मेवारीको लेखाजोखा तथा कार्यसम्पादनको मूल्याङ्कन गर्नु पर्ने व्यवस्था भएकोले यस गाउँपालिकाको वार्षिक योजनामा भएका गैर सरकारी संस्थाहरुको योजना समावेश गरिएको छैन ।

# ५. स्थानिय तहको संक्षिप्त परिचय

| | | |
|---|---|---|
| प्रदेश | : | संघीय गणतन्त्र नेपालको ६ नं. कर्णाली प्रदेश |
| जिल्ला | : | डोल्पा |
| क्षेत्र नं | : | १ (१) |
| क्षेत्रफल | : | ३४५.५८ वर्ग किमि |
| वडा संख्या | : | ६ अवस्थिति |
| उचाई | : | १५२५ मि. देखि ७७५४ मि. सम्म |
| पूर्व | : | मुस्ताङ जिल्ला |
| पश्चिम | : | बुद्धडोल्पो गा.पा. र काइके गा.पा. |
| उत्तर | : | बुद्धडोल्पो गा.पा. र चिन देश |
| दक्षिण | : | म्याग्दी जिल्ला |
| नदी | : | ठुलो भेरी नदि |
| जनसंख्या | : | १६२१(२०७५) |

| | | |
|---|---|---|
| जनघनत्व | : | ५.०८ व्यक्ति प्रति वर्ग मि. |
| घरधुरी | : | ३१९(२०७५) |
| मुख्य जातीय समुदाय | : | गुरुङ, रोकाया, भोटे, डोल्पाली आदि |
| धर्म | : | बौद्ध धर्म आदि |

## संक्षिप्त परिचय

नेपालको ६ नं. प्रदेश कर्णालीको १० जिल्लामध्ये तुलनात्मक रुपमा दर्गम हिमाली जिल्लाको रुपमा रहेको डोल्पा जिल्ला समून्द्र सतहवाट न्यूनतम १५२५ देखि अधिकतम ७७५४ मिटरको उचाईसम्म फैलिएर रहेको छ । नेपाल राज्यको सुदुर पश्चिम भागमा अवस्थित डोल्पा जिल्लाका पुरातात्विक, धार्मिक एवं ऐतिहासिक महत्व बोकेको प्रमुख दर्शनिय स्थलहरुमा त्रिपुरा शुन्दरीको मन्दिर, छल मष्टा, गल्ली देउता, शे-गुम्बा, शे-फोक्सुण्डो ताल, शुलीगाडको झरना, तातोपानी मुहान, यार्सागुम्वा आदि हुन् । प्रशस्त सम्भावनाहरु हुँदाहुँदै पनि ठुला-ठुला उद्योगधन्दा, कलकारखाना स्थापना भइनसकेको र पर्यटन क्षेत्रको विस्तार पनि हुन नसकेको हुँदा अन्य छिमेकी जिल्लाहरुको जस्तै यस जिल्लाको पनि जिविकोपार्जन मुख्य आर्थिक आधार कृषि नै रहन गएको छ ।

नेपालको संविधान (२०७२) बमोजिम नेपाल सरकारले स्थानीय निकायहरुको पुनःसंरचनाको लागि गठन गरेको उच्च स्तरीय आयोगले २०७३ पुष २२ मा नेपाल सरकारलाई बुझाएको प्रतिवेदन नेपाल सरकारले परिमार्जन गरी २०७३ फागुन २७ गतेबाट स्थानीय तह लागू गर्ने निर्णय अनुसार नेपालको कर्णाली प्रदेशमा अवस्थित हिमाली जिल्ला मकवानपुर एक हो । भौगोलिक विविधता हिमाल, पहाड, पाखा, पखेरा, खोल्सा, खोल्सी, खोंच र बेंसि तथा अन्य प्रकृति सम्पदाहरुले भरिएको यस जिल्लाको साविकका गा.वि.स.हरु मध्ये **छार्का ताङसोङ्ग गा.पा. छार्का र मुकोट गाविसलाई** समायोजन गरी छार्का ताङसोङ्ग गाउँपालिका गठन गरिएको हो ।

२०७३ सालमा गठित स्थानीय निकाय पूनःसंरचना आयोगले गरेको सिफारिस बमोजिम डोल्पा जिल्लामा २ वटा नगरपालिका र ६ वटा गाउँपालिकामा विभाजित भएको छ । ६ वटा षिगाउँपालिका मध्ये छार्का ताङसोङ्ग गाउँपालिका पर्यटन, यातायातका दृष्टिले दुर्गम, जातजातिको हिसावले केहि बढि गुरुङ जातीको बाहुल्यता तथा अन्य सबै भोटे जातीको बसोबास रहेको दखिन्छ ।

कुल क्षेत्रफल ३४५.५७ वर्ग कि.मि. रहेको यस छार्का ताङसोङ्ग गाउँपालिका प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक तथा धार्मिक दृष्टिकोणले एक प्रमुख पर्यटकिय गन्तब्य गाउँ हो । पर्यटकिय गन्तब्यहरुको विविधकरण गर्दै नयाँ पर्यटकिय स्थल र उपजहरुको पहिचान विकास तथा पर्यटकिय पुर्वाधारहरुको विकास गरी पर्यटक उद्योगलाई एक प्रमुख आधारको रुपमा विकास गर्न जरुरी छ ।

**<u>वडा विभाजन</u>**

| क्र.स. | समावेस भएका साविकका गाविसहरु | नया वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | छार्का (१-५) | १ | |
| २ | छार्का (६-७) | २ | |
| ३ | छार्का (८-९) | ३ | |
| ४ | मुकोट (१-३) | ४ | |
| ५ | मुकोट (४,५,७) | ५ | |
| ६ | मुकोट (६,८,९) | ६ | |

श्रोतः स्थानीय तहको सीमा निर्धारण आयोगको प्रतिवेदन र नेपाल राजपत्र,२०७३

## ५.१ छार्का ताङसोङ गाउँपालिकाको नक्सा




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५०००/१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC,2016

## ५.२ छार्का ताङसोङ गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरुको विवरण

| सि.नं | नाम थर | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | नारायण प्रसाद अधिकारी | प्रमुख प्रशासकिय अधिकृत | ९८५६०७२६०० |
| २ | काली बहादुर रोकाया | ना.सु. | |
| ३ | हरि बुढा मगर | लेखापाल | |
| ४ | दत्त न्यौपाने | स.ले.पा | |
| ५ | भक्त बहादुर बुढा | खरिदार | |
| ६ | हरि शर्मा | का.स. | |
| ७ | हरि बहादुर रोकाया | सब इन्जिनियर | |
| ८ | तुल बहादुर सार्की | | |
| ९ | खड्ग बहादुर बुढा | स्वास्थ्य संयोजक | |
| १० | तिर्थ बहादुर महवरा | सि.अ.हे.व. | |
| ११ | बहादुर शाही | उप संयोजक | |
| १२ | पप्पी माया मगर | अ.न.मी. | |
| १३ | पञ्चमा बुढा | अ.न.मी. | |
| १४ | कुष्ण बहादुर रोकाया | | |
| १५ | जनक बहादुर बुढा | का.स. | |
| १६ | चन्द्र बहादुर पुन | अहेव | |
| १७ | लक्ष्मी नारायण धिताल | अहेव | |
| १८ | विष्णु बहादुर के.सी. | प्रा.स. | |
| १९ | भुज बहादुर बुढा | ना.प्रा.स. | |

| | | | |
|---|---|---|---|
| २० | शेर बहादुर शाही | का.स. | |
| २१ | दल बहादुर रोकाया | का.स. | |

## ५.३ छार्का ताङसोङ गाउँपालिकामा कार्यरत जनप्रतिनिधिहरुको विवरण

| क्र.स. | नाम थर | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | सोनाङ गुरुङ | अध्यक्ष | |
| २ | छिरिङ दिहिक गुरुङ | उपाध्यक्ष | |
| ३ | धावा लामा गुरुङ | वडा अध्यक्ष | |
| ४ | क्याम्जो गुरुङ | वडा अध्यक्ष | |
| ५ | ढुक्टा गुरुङ | वडा अध्यक्ष | |
| ६ | छवाङ गुरुङ | वडा अध्यक्ष | |
| ७ | सोनाम साङवो गुरुङ | वडा अध्यक्ष | |
| ८ | तेन्जेन टुण्डुप गुरुङ | वडा अध्यक्ष | |
| ९ | पेम्वा हिस्से गुरुङ | वडा सदस्य | |
| १० | छिरिङ फुर्वा गुरुङ | वडा सदस्य | |
| ११ | कार्मा टोल्मा गुरुङ | महिला सदस्य | |
| १२ | दार्जे गुरुङ | वडा सदस्य | |

| | | | |
|---|---|---|---|
| १३ | निमा आङदुक गुरुङ | वडा सदस्य | |
| १४ | कार्मा लाजुम गुरुङ | महिला सदस्य | |
| १५ | निमा ताण्डुप गुरुङ | वडा सदस्य | |
| १६ | पेमा छेवाङ गुरुङ | वडा सदस्य | |
| १७ | ल्हाजाम गुरुङ | महिला सदस्य | |
| १८ | खाम्सुङ रोकाया | वडा सदस्य | |
| १९ | आङदेन गुरुङ | वडा सदस्य | |
| २० | पेमा छोईजाम गुरुङ | महिला सदस्य | |
| २१ | धावा गुरुङ | वडा सदस्य | |
| २२ | लोप्साङ गुरुङ | वडा सदस्य | |
| २३ | टोल्मा गुरुङ | महिला सदस्य | |
| २४ | नुर्वु गुरुङ | वडा सदस्य | |
| २५ | नुर्वु गुरुङ | वडा सदस्य | |
| २६ | छवेजिङ गुरुङ | महिला सदस्य | |
| २७ | राजेन्द्र घर्ती | अल्पसंख्यक सदस्य | |
| २८ | ढोक्याल गुरुङ भोटे | अल्पसंख्यक सदस्य | |

स्रोत :-छार्का ताङसोङ गाउँपालिकाको कार्यालय प्रशासन फाँट

## ६. स्थानीय तहको प्राथामिकता तथा लक्ष्यहरु

❖ छार्का ताङसोङ गाउँपालिकाको आर्थिक वर्ष ०७५/०७६ यो गाउँसभाको मिति सम्म र असार मसान्त सम्म भए गरेका चालु,शर्सत,निशर्त सवै रु.३,४२,५३,३२३।५९ र पुजिगत तर्फ रु.५,९८,३२,१७६।२३ गरी जम्मा रु.९,४०,८५,४९९।८२ खर्च भएको र असार मसान्त सम्म थप भएमा खर्चको फाँटवारी र वार्षिक खर्चको फाँटवारी र आर्थिक विवरणमा उल्लेख भएको खर्चलाई समेत गाउँ कार्यपालिकाको निर्णयवाट पनि स्वीकृती भई खर्चको अनुमोदनको लागि यस गाउँ

सभामा पेश हुन आएकोले आ.व. ०७५/०७६ मा यस छार्का ताङसोङ गाउँपालिकावाट माथी उल्लेखित विभिन्न शिर्षकमा भए गरेका खर्च भएको रकम अनुमोदन गरिने ।

❖ आर्थिक वर्ष ०७५/०७६ को लागि यस छार्का ताङसोङ गाउँपालिकाको स्रोत अनुमान समितिको प्रतिवेदन र गाउँपालिकाका उपाध्यक्ष श्री छिरिङ दिहिक गुरुङले गाउँसभामा पेश गर्नु भएको नीति,कार्यक्रम तथा वजेट अनुसार आय तर्फ संघीय सरकारवाट वित्तीय समानीकरण अनुदान रु.६,००,००,०००।, शर्सत अनुदान रु.२,५३,००,०००। राजश्व वाँडफाँड अनुदान रु.३,००,००,०००। प्रदेश सरकार कर्णाली प्रदेशवाट वित्तीय समानीकरण अनुदान रु.४७,७२,०००।, राजश्व वाँडफाँड अनुदान रु.२७,०००। यस गाउँपालिकाको असार मसान्त सम्म खर्च हुन नसकी संचीत कोषमा जम्मा हुने अनुमानित रकम रु.३,५५,९२,१५२।४६ संघीय सरकारवाट सामाजिक सुरक्षा भत्ता वितरणको लागि शर्सत अनुदान अनुमानित रकम रु.४५,००,०००। पोषण कार्यक्रमको लागि वहुक्षेत्रीय पोषण कार्यक्रमवाट अनुमानित रकम रु.१२,००,०००। र यस छार्का ताङसोङ गाउँपालिकाको आन्तरिक स्रोतवाट अनुमानित रु.३,००,०००। गरी जम्मा रु.१६,१६,१९,१५२।४६ आयतर्फ र खर्च वा व्यव तर्फ चालु खर्च रु.८,८३,२८,५००। र पूजिगत तर्फ रु.७,३२,९०,६५२।४६ गरी जम्मा रु.१६,१६,१९,१५२।४६ अनुमानित आय-व्यय स्वीकृत गरिने ।

❖ आर्थिक वर्ष ०७५/०७६ को लागि योजना छनौट प्रक्रिया अनुसार पेश हुन आएका तपसिलमा उल्लेखित योजना तथा चालु खर्च र योजना छनौट प्रक्रियावाट छुट हुन गएका तथा सभामा छलफल गर्दा अति आवश्यक देखिएका योजना तथा कार्यक्रमहरु अनुमोदन तथा स्वीकृत गरी कार्यन्वयनको लागि गाउँ कार्यपालिकामा पठाइने छ ।

❖ यस छार्का ताङसोङ गाउँपालिकाको आन्तरिक श्रोत कम भएको र संघीय सरकार तथा प्रदेश सरकारले हस्तान्तरण गरेका वित्तीय अनुदानहरुले पनि वजेट विनियोजन गरी सम्पन्न गर्न नसकिने तपसिलमा उल्लेखित योजनाहरु यस गाउँसभावाट स्वीकृत गरी सम्वन्धित निकायमा सिफारिस गरी पठाउने निर्णय गरियो । कार्यन्वयनको लागि गाउँ कार्यपालिकामा पठाइने छ ।

तपसिल

| सि.नं | योजनाको नाम | वडा वा वस्तीको | सिफारिस गर्ने निकाय |
|---|---|---|---|

| . | | नाम | |
|---|---|---|---|
| १ | डोम्वो खोला झोलुङगे पूल निर्माण | वडा नं १,छार्का | संघीय वा प्रदेश सरकार |
| २ | धुलुङ खोला झोलुङगे पूल निर्माण | वडा नं ३,ढुकोट | संघीय वा प्रदेश सरकार |
| ३ | फुटेङन्याल झोलुङगे पूल निर्माण | वडा नं ४,कागकोट | संघीय वा प्रदेश सरकार |
| ४ | लाप्चे खोला जलविधुत आयोजना | वडा नं ४,कागकोट | संघीय वा प्रदेश सरकार |
| ५ | थलाङज खोला झोलुङगे पूल निर्माण | वडा नं ५, | संघीय वा प्रदेश सरकार |
| ६ | ताना खोला ट्रस पूल निर्माण | वडा नं ५,पिम्री | संघीय वा प्रदेश सरकार |
| ७ | केवु खोला ट्रस पूल निर्माण | वडा नं ६,मुकोट | संघीय वा प्रदेश सरकार |

❖ यस छार्का ताङसोङ गाउँपालिकाको आ.व.०७४/०७५ मा स्वीकृत भएको स्काईभेटर ( डोजर ) खरिद तथा ढुवानीको आवश्यक प्रक्रिया पुर्याई सक्दा पनि विशेष परिस्थितीले गर्दा रुट परमिट आउन नसकी डोजर खरिद तथा ढुवानी हुन नसकेकाले आ.व.०७५/०७६ मा पुन अर्को वोपत्र आव्हान गरि प्रक्रिया गर्दा ढिलो हुने खर्च पनि वढ्ने भएकोले आ.व.०७४/०७५ को प्रक्रियालाई निरन्तरता दिने,म्याद थप गरी पेश्की दिई सकेकाले आ.व. ०७४/०७५ को डोजर खरिद तथा ढुवानी प्रक्रियालाई निरन्तरता दिई आ.व.०७५/०७६ मा कार्यन्वयन गर्ने गरी यस सभाले अनुमोदन तथा स्वीकृती गरी कार्यन्वयनको लागि गाउँ कार्यपालिकामा पठाइने छ ।

❖ छार्का ताङसोङ गाउँपालिकाको आ.व.०७४/०७५ मा स्वीकृत कार्यक्रम सोलार प्यानल सेट खरिद गरि वडा नं. ३ र ५ को घर धुरीलाई वितरण गर्नको लागि वोलपत्र आव्हान गर्दा रित नपुगेका वोलपत्र दर्ता भएकोले सो प्रक्रिया रद्द भएकोले आ.व.०७४/०७५ मा सम्पन्न हुन नसकी पुन आ.०७५/०७६ को लागि पनि सोही कार्यक्रम ( सोलार वितरण ) वस्ती वडा, एकिकृत योजना तर्जुमा र गाउँ कार्यपालिकाले पनि निर्णय गरी पेश गरेकाले सो कार्यक्रमहरु वोलपत्र आव्हान गरी खरिद तथा वितरण गाउँपालिका आफैले गर्दा समय ढिला भई तत्काल लक्षित घरधुरीका जनताले सेवा नपाउने देखिदा सो कामलाई लाभान्वित वा लाभग्राहीहरुवाट उपभोक्ता समिति गठन गरी उपभोक्ता समिति गरी उपभोक्ता समितिवाट सो काम गर्ने गरी अनुमोदन तथा स्वीकृती गरी कार्यन्वयनको लागि गाउँ कार्यपालिकामा पठाइने छ ।

❖ आ.व.०७५/०७६ को लागि विनियोजन गरेको विविध खर्च र आकस्मिक खर्चको रकम तत्काल खर्च गर्नु पर्दा भौगोलिक विकटताको कारणले गर्दा तत्काल गाउँ कार्यपालिकाको वैठक वस्न नसक्ने भएकोले अध्यक्षले आवश्यक देखेमा खर्च गरी पछि कार्यपालिकावाट निर्णय गराई अनुमोदन गरिने छ ।

❖ आ.व.०७५/०७६ मा विनियोजन गरिएको वहुक्षेत्रीय पोषण कार्यक्रम,कृषि,पशु,महिला विकास कार्यक्रमहरु समवन्धित विषयका संयोजकहरुले तत्काल कार्यक्रमहरु यस सभामा स्वीकृत गर्न

नसकेकाले पछि पेश गरेका योजना तथा कार्यक्रम अध्यक्ष ज्यूवाट प्रमाणित गरी कार्यन्वयन गरिने छ ।

- आ.व.०७५/०७६ को लागि यो गाउँसभा भएको मिति सम्म विषयगत तथा गैर सरकारी संस्थाले आफ्नो योजना तथा कार्यक्रमहरु पेश नगरेकाले पछि पेश हुन आएमा सोही वमोजिम गर्ने गरी स्वीकृती तथा अनुमोदन गरी कार्यन्वयनको लागि गाउँ कार्यपालिकामा पठाइने छ ।
- यस गाउँपालिकाको अधिकाँश जमिन भिरालो भई खेतीपाती गर्न नसकिने र वस्ती वस्न पनि नसकिने भएकोले प्राय जसो यहाँका जनताले सार्वजनिक जग्गामा घर निर्माण गरेका रखेतीपाती गरेकाले सो जग्गा नापी दर्ता गर्ने गरी सम्वन्धित निकायमा अनुरोध गर्ने गरी स्वीकृती तथा अनुमोदन गरी आवश्यक प्रक्रिया अगाडी वढाउनको लागि गाउँ कार्यपालिकामा पठाइने छ ।
- छार्का ताङसोङ गाउँपालिका भौगोलिक हिसावले अति विकट भएकोले सूचनाको पहुँचवाट वन्चित हुनुका साथै गाउँ कार्यपालिका संचालन गर्न वाधा पुगेकाले विभिन्न वडामा भिस्याड टेलिफोन र सम्वभ भएको ठाउँमा एनटीसी मोवाई टावर जडान गर्नका लागि आवश्यक रकम गाउँपालिकावाट व्यहोर्ने गरी नेपाल टेलिकमसँग समन्वय गरि कार्यन्वयनको लागि स्वीकृती तथा अनुमोदन गरी गाउँकार्यपालिकामा पठाइने छ ।
- यस गाउँपालिकाको दरवन्दी अनुसार कर्मचारीको पदपूर्ति नभए सम्मका लागि यस अघि करारमा काम गरी रहेका कर्मचारीलाई कायममै राख्ने र आवश्यकता अनुसार अन्य प्राविधिक पदहरुमा पनि स्वीकृत दरवन्दीको सेवा सुविधावाट दिन मिल्ने भए सोहीवाट नमिल्ने भए परामर्श सेवा वा अन्य शिर्षकवाट सेवा सुविधा दिने गरी काममा लगाइने छ ।
- यस छार्का ताङसोङ गाउँपालिकाको आ.व.०७३/०७४ को अन्तिम लेखा परिक्षणको प्रतिवेदन गाउँसभामा पेश भई वुँदागत रुपमा अध्ययन तथा छलफल गर्दा पेश्की वाँकी नदेखिएको र वेरुजुमात्र देखिएको हुँदा उक्त वेरुजु रकमलाई प्रमाणहरु पेश गरी वेरुजु घटाउने, असुल गर्नु पर्ने भए असुल उपर गराउने र आगामी आ.व.मा वेरुजु हुन दिइने छैन
- राजश्व परामर्श समितिले दिएको प्रतिवेदन अनुसार स्रोत अनुमान समितिले आ.व. ०७५/०७६ को लागि आन्तरिक स्रोत रु.३,००,०००। लाख अनुमान गरेको भएतापनि अति दुर्गम उच्च हिमाली भेग यहाँ जनता अति गरिव भएका कारण अनुमान गरिएको आन्तरिक आय उठ्न नसक्ने देखि उक्त रकम कुनैपनि कार्यक्रम तथा योजनामा समावेश गरिएको छैन ।उठेको जति रकम अर्को आ.व.मा समावेश गरी योजना तथा कार्यक्रम वनाइने छ ।
- राजश्व परामर्श समितिवाट सिफारिस गरिएका देहायका क्षेत्रमा निम्न लिखित वमोजिमको कर,दस्तुर र शुल्क लगाउन पाउने गरी करको दर दायरा स्वीकृत गरि कार्यन्वयनको लागि गाउँ कार्यपालिकामा पठाइने छ ।

## करका दरहरु

(क) एकिकृत सम्पती कर

- रु. १,००,०००। एक लाख देखि रु. १०,००,०००। दशलाख सम्म रु. ५००।
- रु. १०,००,०००। दश लाख देखि रु. २०,००,०००। वीसलाख सम्म रु. १,०००।
- रु. २०,००,०००। वीसलाख देखि रु. ४०,००,०००। चालीसलाख सम्म रु.१,५००।
- रु. ४०,००,०००। चालीसलाख देखि रु. ६०,००,०००। साठीलाख सम्म रु. २,०००।
- रु. ६०,००,०००। साठीलाख देखि रु. १,००,००,०००। एक करोड सम्म रु. ५,०००।
- रु. १,००,००,०००। एक करोड देखि माथीको रु. १०,०००।

(ख) व्यवसाय कर

- होटल पसलको लागि वार्षिक रु.१०,०००।
- अन्य व्यवसाय जस्तै जडिवुटी,यार्सागुम्वा संकलकवाट प्रति व्यक्ति रु.५,००।
- यार्सागुम्वा व्यापारी ठुला रु. १०,०००।
- यार्सागुम्वा व्यापारी साना रु.५,०००।

(ग) सेवा शुल्क

- विविध सिफारिस शुल्क रु.५०।
- नागरिकता सिफारिस नयाँ तथा प्रतिलिपी रु.५०।
- घटना दर्ता ३५ दिन भित्र निशुल्क त्यस पछिको शुल्क रु.५०।
- पर्यटन शुल्क प्रतिव्यक्ति रु.१,०००।
- मालपोत दस्तुर प्रतिरोपनी रु.५०।
- मालपोत जरिवाना एक आ.व.को २० प्रतिशत,दोस्रो र तेस्रो हा.व.को २५ प्रतिशत,चौथो र पाँचौ आ.व.को ३० प्रतिशत,छैटौ र सातौं आ.व.को ३५ प्रतिशत,आठौं नवौं र दशौं आ.व.को ५० प्रतिशत र दशौं भन्दा माथीको ८० प्रतिशत ।

(घ) दण्ड जरिवाना

- कसुरको प्रकृति हेरी विगो वाहेक रु.५००। देखि रु. १,०००। सम्म

❖ यस गाउँपालिकामा कार्यरत जनशक्तिलाई आवश्यक सिप र ज्ञान हासिल गराई दक्ष र अनुभवी जनशक्ति तयार गर्न आवश्यक भएकोले पञ्जिकरण जस्ता अन्य तालिम दिइने छ ।

❖ वाढी,पहिरो र आगलागी जस्ता दैवी प्रकोप परेका र जटिल रोग लागि आफ्नो हैसियतले उपचार गराउन नसक्ने घरपरिवारलाई देहायको रोग तथा दैवी प्रकोपको अवस्थामा सम्भव भए सम्म प्रहरी

मुचुल्का र वडा सिफारिसको कागजातको आधारमा देहाय वमोजिमको आर्थिक सहयता दिने निर्णय गरि कार्यन्वयनको लागि गाउँ कार्यपालिकामा पठाइने छ ।

(क) विरामी

- मुटु मृगौला जस्ता अन्य जटिल रोग लागि डाक्टरको सर्टिफिकेट र खर्चको वील भरपाई हेरी वढिमा प्रति व्यक्ति रु. ३,००,०००। तीन लाख सम्म दिने
- अन्य प्रकृतिका विरामी परि जिल्लामा उपचार हुन नसकि जिल्ला वाहिर लिनु पर्ने अवस्था हेरी वढीमा रु. ५०,०००। पचास हजार सम्म दिने ।

(ख) विपद वा दैवी प्रकोप

- वाढी पहिरो वा आगलागी जस्ता विपदवाट घरखेत नष्ट भएमा रु.१०,०००। र मानिसको मृत्यु भएमा थप रु. १०,०००। सम्म दिने निर्णय गरियो ।
- यस गाउँपालिका विद्युत,संचार र यातायातवाट वन्चित रहेको हुँदा यी तीनै क्षेत्रको पूर्व सम्भाव्यता अध्ययन गराई गाउँपालिकाले कार्यन्वयन गर्न सक्ने योजना भए गाउँपालिकाले गर्ने र नसक्ने भएमा सम्वन्धित निकायमा पहल गरिने छ ।
- यस छार्का ताङसोङ गाउँपालिकामा हिउँदमा हिउ जम्ने भएर काम गर्न गाह्रो भएकाले सम्पर्क कार्यालय छार्का ताङसोङ गाउँपालिकाको कागकोटमा राख्ने र छार्का ताङसोङ गाउँपालिकामा वैकिङ सेवा नभएको लागि विविध कामको लागि दुनै सदर मुकाम दुनैमा जानु पर्ने , खरिद भएका सामानहरु राख्नका लागि दुनैमा कम्तीमा ८ आठ कोठा सम्म घर भाडामा लिइने छ ।
- यस छार्का ताङसोङ गाउँपालिकाको कार्य सम्पादनलाई व्यवस्थित गर्न गाउँ कार्यपालिकाको वैठकवाट स्वीकृत भई आएका तपसिलमा उल्लेखित ऐन कानुन यस गाउँ सभावाट पारित गरी कार्यन्वयनको लागि गाउँ कार्यपालिकामा पठाउने निर्णय गरिने छ ।

<u>तपसिल</u>

- स्थानीय तहको विनियोजन ऐन,२०७५
- स्थानीय तहको आर्थिक ऐन,२०७५
- स्थानीय सहकारी ऐन,२०७५
- कृषि व्यवसाय प्रर्वद्धन ऐन, २०७५
- स्थानीय तहको प्रशासकीय कार्यविधी ( नियमित गर्ने) ऐन, २०७५
- न्यायीक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनु पर्ने कार्यविधी सम्वन्धमा व्यवस्थापन गर्न वनेको ऐन, २०७५
- विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्वन्धि ऐन, २०७५
- अनाथ तथा जोखिमयुक्त वालवालिकाको लागि सामाजिक सुरक्षा कार्यक्रम ( संचालन कार्यविधी ) ऐन, २०७५

- आ.व. ०७४।०७५ र ०७५।०७६ को स्वीकृत डोजर खरिद कार्यक्रममा डोजर खरिद गरी आईपुगेमा डोजर संचालन गर्न ड्राईभर र सहयोगी दुई जना ४ चार जनालाई करारमा नियूक्ती गर्ने निर्णय गरियो ।साथै छार्का ताङसोङ गाउँपालिकाको कार्यालयमा कामकाज गर्ने गरि एक जना कार्यालय सहयोगी पनि करारमा नियुक्ती गरिने छ ।
- आ.व. ०७४।०७५ मा विनियोजन गरेको डोजर खरिद तथा ढुवानी फरक फरक खर्च शिर्षकमा नछुट्याई विनियोजन गरेकोमा आ.व. ०७५।०७६ मा मा पनि डोजर खरिद तथा ढुवानीलाई प्रार्थमिकता राखी गाउँसभाले पुन पारित गरेकोले डोजर ( स्काईभेटर )खरिदको रकम डोजर खरिद वाट र ढुवानीको रकम ढुवानी खर्च शिर्षकवाट गरिने छ ।
- यस छार्का ताङसोङ गाउँपालिका भौगोलिक दृष्टिकोणले अति विकट भएकोले यहाँका जनताले असुरक्षित महसुस गरेकाले विगतमा स्थापना भएको ईलाका प्रहरी चौकी छार्कालाई पुन स्थापना गर्नको लागि सम्वन्धित निकायमा पहल गरिने छ ।
- यस छार्का ताङसोङ गाउँपालिका भित्रका वडाहरुवाट जेहेन्दार विद्यार्थीका लागि एमविविएस अध्ययन गर्ने भए त्यस्ता छात्राहरुलाई रु.२,००,०००। दुई लाख र ईन्जिनियरिङ अध्ययन गर्ने भए रु.१,००,०००। एक लाख हौसला प्रदान गर्न छात्रावृद्धि स्वरुप आर्थिक सहयता गरिने छ ।
- यस छार्का ताङसोङ गाउँपालिकाको क्षेत्रभित्र कुनै पनि मोवाईल सेवा विस्तार नभएकाले र सरकारी कामको शिलसिलामा जानकारी लिन फोन सम्पर्क गर्नको लागि सम्वन्धित पदाधिकारीहरु र कर्मचारीहरुको मोवाईल नम्वरमा गरिने रिचार्ज सम्वन्धित गाउँपालिकाबाट व्यहोरिने छ ।

## ७. गत वर्ष (आ.व. २०७४/०७५) का मुख्य उपलब्धीहरु

गत बर्षको गाउँपरिषद् अनुसार गाउँपालिकाको स्थापना पश्चात ३ तल्ले कार्यालय भवन भाडामा, फर्निचर व्यवस्थापन, मेशिनरी औजारको व्यवस्थापन, सुचना प्रविधि जडान लगायतका कार्य सम्पन्न भएका छन् ।

## अनुसुची-१

## ८. सामाजिक जिम्मेवारी कार्यसम्पादनको लेखाजोखा

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | प्रयास | उपलब्धी |
|---|---|---|---|
| | | **स्वास्थ्य** | |
| स्वास्थ्य चौकी एक घण्टा भित्र पैदल वा यातायात पहुँच भएको घरधुरी संख्या वा प्रतिशत | गा.पा.को वडा ४ का काकोटबासीलाई १० मिनेट, वडा ३ का ढुकोटबासीलाई ३० मिनेट र गा.पा. अन्य बस्तीलाई कम्तीमा १ दिन तथा बढिमा २ दिन सम्म समयमा स्वास्थ्यचौकी पुग्न सकिने । | सवै गाउँवासिहरुलाई स्वास्थ्यचौकी पुग्न सहज र छिटो समयमा नै पुग्न सकिने वातावरण सिर्जना गर्न कच्ची वाटो, गोरेटो वाटो, खोलानालामा पुल आदिको व्यवस्थापन गर्दै लैजाने प्रयास गर्दछौ । | यातायात तथा सडक वाटोको सुविधा भएको ठाउँहरु स्वास्थ्यचौकी पुग्न छिटो तथा सहज भएको अवस्था छ । |
| ५ वर्ष मुनिका बालबालिकाको प्रतिशत वा संख्या | ११८ जना रहेको । | - | - |
| खोपमा पहुँच भएको जनसंख्या ( एक वर्ष मुनिका बालबालिकाको आधारमा) | काकोट तथा ढुकोट बासीका बालबालिका बाहेक भौगोलिक विकटताले गर्दा गा.पा.का अन्य बस्तीका बालबालिकाको खोपमा पहुँच नभएको । | गा.पा.मा रहेका सवै स्वास्थ्य केन्द्रहरुवाट बालबालिकाहरुलाई खोपसेवा उपलब्धता गराउदै आएको र पहुँचमा नभएको बालबालिकालाई पहुँचमा ल्याउने प्रयास रहेको । | |
| ४ पटक गर्भवती जाँच गरिएको महिलाको संख्या वा प्रतिशत | गा.पा.का कुनै पनि महिलाले ४ गर्भवती जाँच नगराएको अवस्था । | ४ पटक गर्भवति जाँच गराउनुपर्छ भन्ने चेतना फैलाउन गा.पा.ले विभिन्न स्थानहरुमा चेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्ने प्रयास रहेको । | |
| दक्ष प्रसुतीकर्मीबाट प्रसूती गरिएको महिलाको संख्या वा प्रतिशत | गा.पा.का कुनै पनि महिलाले दक्ष प्रसतीकर्मीबाट प्रसुती नगराएको । | दक्ष प्रसुतीकर्मीबाट प्रसूती गराउनुपर्छ जस्ले बच्चा र आमा दुवैको स्वास्थ्यमा असर पर्दैन भन्ने कुराको चेतना अभिवृद्धि गर्न जनचेतना फैलाउने प्रयासलाई रहेको । | |
| झाडा पाखालाबाट | कोहि पनि | महिला स्वास्थ्य सेवीका तथा | |

| | | | |
|---|---|---|---|
| मृत्यु हुने बालबालिका संख्या | झाडापखालाबाट मृत्यु नभएको । | स्वायमकर्मी परिचालन तथा अनुगमन गर्ने गरेको । | |
| प्राथामिक स्वस्थ्य केन्द्रबाट सेवा लिने घरधुरी परिवार संख्या | गा.पा.का वडा ३ र ४ बाहेक अन्य वडाबासीहरुले प्राथामिक स्वस्थ्य केन्द्रबाट सेवा लिन पहुँच नपुगेको । | प्राथामिक स्वस्थ्य केन्द्रबाट सवै गाउँवासिहरुलाई सेवा सुविधा सहज बनाउनको लागि आवश्यक गृहकार्य गरिने । | |

श्रोत:गा.पा. स्वास्थ्य शाखा

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | प्रयास | उपलब्धी |
|---|---|---|---|
| | **शिक्षा** | | |
| आधाघण्टा भित्र आधारभुत विद्यालय नपुग्ने बालबालिका संख्या | वडा १ मा ३० मिनेटमा, वडा २ मा १ घण्टामा, वडा ३ मा ३० मिनेटमा, वडा ४ मा ३० मिनेटमा, वडा ५ मा १ घण्टा ३० मिनेटमा र वडा ६ मा ३० मिनेटमा आ.वि.पुग्न सकिने | | |
| पूर्व आधारभुत शिक्षामा खुद भर्ना दर | पूर्व प्राथमिक शिक्षामा खुद भर्ना दर १०० प्रतिशत संख्या रहेको । | | |
| आधारभुत विद्यालयमा पहुँच नभएको सो उमेरका बालबालिका संख्या प्रतिशत | नभएको | | |
| कक्षा १ मा खुद भर्ना दर छात्रछात्रा | छात्रछात्रा १०० प्रतिशत खुद भर्नादर अवस्था । | विद्यालय पठाउन उत्प्रेरित गर्ने कार्यक्रम गा.पा.ले सञ्चालन गर्ने प्रयास रहेका । | |
| आधारभुत तहमा कक्षा छोड्ने दर, कक्षा दोहोर्याउने र कक्षा उत्तिर्ण हुने दर | आधारभुत तहमा कक्षा छोड्ने दर नभएको, कक्षा दोहोर्याउने केहि संख्या रहेको र उत्तिर्ण हुने दर अधिकांश रहेको । | | |
| आधारभुत तहमा तालिम प्राप्त शिक्षक संख्या | १०० प्रतिशत शिक्षक तालिम प्राप्त रहेको । | तालिम प्राप्त शिक्षक तथा शिक्षिकाको संख्या आवश्यकता अनुसार थप | तालिम प्राप्त शिक्षक तथा शिक्षिकाको शिक्षा |

| | | | |
|---|---|---|---|
| | | गरिदै लाने आवश्यक गृहकार्य गरिने । | आर्जनले १०० प्रतिशत विद्यार्थीहरु शिक्षा लिन सफल भएका । |
| प्रति कोठा विद्यार्थी संख्या | सबै सामुदायिक विद्यालयमा औषत ११ जना विद्यार्थी प्रति कोठा रहेको । | आवश्यक्तता अनुसार प्रति कोठ विद्यार्थीहरुको संख्या राख्ने नीति तथा नियम सरकारले अवलम्वन गर्दै आएको । | प्रति कोठा थोरै विद्यार्थी राखेर पढउदा सबै विद्यार्थीहरुलाई पढन र शिक्षक शिक्षिकालाई पढाउन सजिलो भएको । |
| बाह्य सहयोग निर्मित कोठा संख्या | नभएको । | - | - |
| स्थानीय तहबाट निर्मित कोठा संख्या | नभएको । | - | - |
| दलित बालबालिकाको शिक्षामा पहुँच | दलित बालबालिकाको शिक्षामा १०० प्रतिशत पहुँच पुगेको । | दलित बालबालिकाहरुको शिक्षामा पहुँच पुऱ्याउन छात्रावृति तथा विभिभन्न किसिमको सेवा सुविधा पाउने कार्यक्रमहरु लागू गरिदै आएको । | विद्यालय पठाउन उत्प्रेरित गर्ने कार्यक्रम सरकारले सञ्चालन गर्दै आएकोले दलित बालबालिकाको शिक्षामा पहुँच वढदै गईरहेको । |

श्रोतःगा.पा. शिक्षा शाखा

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | प्रयास | उपलब्धी |
|---|---|---|---|
| **खानेपानी तथा सरसफाई** | | | |
| स्वच्छ पानी पुगेको परिवार संख्या वा प्रतिशत | समग्रमा गा.पा.का सबै क्षेत्रमा स्वच्छ खानेपानी पुगेको अवस्था । | स्वच्छ खानेपानी नपुगेको घरधुरीमा खानेपानी लैजाने प्रयास भइरहेका । | |
| शौचालय भएको संख्या वा प्रतिशत | गा.पा.को लगभग सबै घरधुरीमा शौचालय भएको तर प्राय प्रयोगमा नआएको । | स्थानीबासीहरु आफैले शौचालय निर्माण गरिदै आएको । | |
| खानेपानी सुविधा भएको आधारभुत विद्यालय | सबै आधारभुत विद्यालयहरुमा खानेपानी सुविधा रहेको । | खानेपानीको मुहान तथा धारा पाईपहरुलाई वेलावेलामा मर्मतसंभार कार्य गर्दै अएको र यसलाई निरन्तरता दिदै लाने प्रयास गरिएको । | सबै विद्यालयहरुमा खानेपानी सुविधा उपलब्ध भएकोले विद्यालयका शिक्षक, शिक्षिका तथा विद्यार्थीहरुलाई स्च्छ पानी पिउन र शौचाल मा पानी प्रयोग गर्न सजिलो तथा सर्वसुलभ भएको छ । |
| सुधारिएको चुलो भएको परिवार संख्या | गा.पा.का अधिकांश क्षेत्रमा सुधारिएको चुलो भएको । | | |

श्रोतः गा.पा. वडागत वडाध्यक्ष

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | प्रयास | उपलब्धी |
|---|---|---|---|
| **बालबालिका, महिला तथा समावेसी क्षेत्र** | | | |
| बाल विवाह संख्या | बाल विवाह संख्या समग्रमा नभएको तर केहि स्थानहरुमा नगन्य मात्रामा रहेको । | वाल विवाह गराउने कार्यलाई दण्डनीय अपराध मानिएको हुँदा यस कार्य नगर्नको लागि सरकारी तवरवाटनै सूचन प्रवाह गरिदै आएको छ । | |
| समाजिक विकृति विसंगतिको अवस्था | गा.पा.का केहि स्थानहरुमा सामान्य सामाजिक विकृति विसंगती घटना घट्ने गरेको । | समाजिक विकृति विसंगतिको अवस्था सुधार गर्न गा.पा. तथा प्रहरी चौकीद्धारा चेतनामुलक सन्देश प्रवाह गर्ने कार्य | सरकारले नै विभिन्न सञ्चार माध्यमहरुद्धारा चेतनामुलक सन्देश सूचना प्रवाह गरेका कारण न्यून हुँदै गएको । |

| | | | |
|---|---|---|---|
| | | भईरहेको । | |
| सामाजिक सुरक्षा (जेष्ठ नागरिक, एकल महिला, अपांग, पिछडिएको क्षेत्र तथा लोपुन्मुख जाति | जेष्ठ नागरिक अन्य ३१८ जना, एकल/विधुवा महिला ४६ जना, पुर्ण अपाङ्ग ६ जना, आंशिक अपाङ्ग १६ जना रहेको । | थप नयाँ व्यक्तिहरुमा सामाजिक सुरक्षा भत्ता वितरण गर्दै उनीहरुलाई सहज तरीकाले प्रशासनिक कार्य सञ्चालन गर्दै आएको । | |

श्रोतः ग.पा. सुचाना शाखा

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | प्रयास | उपलब्धी |
|---|---|---|---|
| **जनचेतना तथा गरिबी निवारण** | | | |
| बाल श्रमको अवस्था | बालश्रम अवस्था नभएको । | बालश्रम गराउने कार्य दण्डनीय अपराध भएकोले यस्तो कार्य गर्न र नगराउन नेपाल सरकारले विभिन्न सञ्चार माध्यमद्धारा सूचना प्रवाह गर्दै आईरहेको । | |
| बाल क्लबहरुको अवस्था | गा.पा. का सबै सामुदायिक विद्यालयमा बाल क्लब गठन भएको । | अन्य सामुदायिक बाल क्लबको गठन प्रक्रिया निरन्तर रहेको । | |
| महिला हिंसा | गा.पा. का केहि स्थानमा महिला हिंसा सम्बन्धी घटना नगन्य रुपमा घटेको र त्यसको समाधान स्थानीय स्तरमै मेलमिलाप गरिने गरेको । | महिला हिंसा गर्ने कार्य दण्डनीय अपराध भएकोले यस्तो कार्य गर्न र नगराउन गा.पा.ले विभिन्न सञ्चार माध्यमद्धारा सूचना प्रवाह गर्दै आईरहेको । | महिला हिंसा दण्डनीय अपराध भएकोले आम नागरिकहरुलाई सचेत रहन गा.प ले विभिन्न सञ्चार माध्यमद्धारा सूचना प्रवाह गर्दै आईरहेको हुँदा यस्तो अपराध कार्य न्यून हुँदै गएको । |
| रोजगारीको अवस्था | गा.पा.का प्रायः युवाहरु वैदेशिक रोजगारका लागि विदेश पलायन भएका छन भने केही मात्रामा गाउँभित्रै खेतीपाती तथा | सम्पूर्ण नागरीकहरुलाई स्वरोजगारको वातावरण सृजना गरिदिने गा.पा.बाटनै पहल गरिने प्रयस रहेको । | वैदेशिक रोजगारमा गएका तथा स्थानिय स्तरमा नै व्यापार व्यवसाय सञ्चालन गर्दै आएको रोजगारीले केहि घरधुरीहरुको आर्थिक |

| | | | |
|---|---|---|---|
| | पशुपालन गरेको अवस्था र केहि सरकारी तथा प्राइभेट जागिरमा आवद्ध भएका छन । | | स्तरोन्नती हुदै गएको । |
| स्वरोजगारका प्रयासहरु | गा.पा.बाट स्थानीय युवाहरुलाई लक्षित कार्यक्रमबाट विभिन्न शिर्षकमा स्वरोजगार सम्बन्धि विभिन्न कार्यक्रम संचालन गरिएको । | यस आ.व.मा स्वरोजगारको लागि विभिन्न किसिमको क्षमता विकासका तालिमहरु सञ्चालन गरिने लक्ष्य रहेको छ । | गैर सहकारी संस्थाहरुको सहकार्यमा विभिन्न किसिमका सीपमुलक तालिमहरु प्रदान गर्दै आएकोले उनीहरुमा केहि उद्यमशिल हुनुपर्छ भन्ने चेतना अभिवृद्धि हुँदै गएको छ ॥ |
| गरिबी निवारणको प्रयासहरु | गा.पा. द्धारा गरिबी निवारण सम्बन्धि विभिन्न कार्यक्रम संचालन गरिएको । | विभिन्न किसिमको सीपमुलक तालिमहरु आत्मा निर्भरहुने खालका, स्वरोजगार हुने तालिमहरु आगामि दिनमा सञ्चालन गर्ने नीति तथा लक्ष्य रहेको । | गैर सहकारी संस्थाहरुको सहकार्यमा विभिन्न किसिमका सीपमुलक तालिमहरु प्रदान गर्दै आएकोले उनीहरुमा केहि उद्यमशिल हुनुपर्छ भन्ने चेतना अभिवृद्धि हुँदै गएको छ । |

श्रोतः गा.पा. सुचना शाखा

| | | | |
|---|---|---|---|
| सामाजिक परिचालन | सबै वडाहरुमा सामाजिक परिचालन गरिएको । | सवै वडाहरुमा सामाजिक परिचालन संचालन गर्ने कार्यलाई निरन्तरता दिदै जाने निति तथा लक्ष्य रहेको । | गा.पा.को सवै वडाहरुमा आवश्यक सामाजिक कार्यहरु संचालन गर्ने लगायतका अन्य कार्यहरु सञ्चालन गर्न सहज र सरल भएको छ । |
| वातावरण सुधारका प्रयासहरु | गा.पा. बाट वातावरण सुधारका प्रयासहरु गरिने तयारीमा रहेको । | | |
| एच.आई.भि. र एड्स | - | - | - |

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | प्रयास | उपलब्धी |
|---|---|---|---|
| **विकासमा समान सहभागिता सेवाहरुमा पहूँच** | | | |
| स्थानीय बजार पुग्न लाग्ने समय | गा.पा.का सबै घरधुरीहरुलाई स्थानीय बजार दुनै र मुस्ताङ जिल्लाको जोमसोम बजार पुग्न करिब १ देखि २ दिन लाग्ने । | स्थानिय बजार छोटो समयमा पुग्नको लागि बाटो निर्माण तथा मर्मत सम्भार कार्य गरिदै आएको । | वाटो मर्मत सम्भार कार्य गर्नाले बजार आवात जावत गर्न छोटो समयमा मा सहज भएको अवस्था । |
| भौगोलिक क्षेत्र, महिला पिछडिएका तथा सिमान्तवर्गको संख्या, निजहरुले पाएको सेवा तथा दिएको विशेष अवसरहरु | गा.पा. लगायत गैर सहकारी संस्थाहरुको सहकार्यमा केहि विभिन्न किसिमका सीपमूलक तालिमहरु सञ्चालन गरिदै आएको । | यस्ता वर्गहरुमा सेवा सुविधा पुऱ्याउन आवश्यक्ता अनुसार गृहकार्य गरिने निति तथा लक्ष्य लिएको । | गा.पा. लगायत गैर सहकारी संस्थाहरुको सहकार्यमा यस्ता वर्गहरुमा सेवा, सुविधा, तथा सीपमुलक तालिमहरु सञ्चालन गर्दै आएको । |

श्रोतः गा.पा. सुचना शाखा

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | प्रयास | उपलब्धी |
|---|---|---|---|
| **संस्थागत क्षमता** | | | |
| जनशक्ति नीति तथा कार्यक्रम | मानव संसाधन व्यवस्थापन संग | तय गरेका निति तथा कार्यक्रमलाई कार्यान्वयन | जनशक्ति उपभोग योग्य भयो र गा.पा.को उदेश्य, लक्ष्य, दिर्घकालीन सोच प्राप्तीमा एक कदम थपियो । |

| | | | |
|---|---|---|---|
| | सम्बन्धि गा.पा.ले प्राप्ति, विकास, उपयोग र संभार सहितको निति तथा कार्यक्रम तय गरी कार्यान्वयनमा ल्याएको । | गर्न तालिम, भ्रमण, अध्ययन, अनुसन्धानमा लगाई अधिकतम प्रतिफल प्राप्त गर्न लागेको । | |
| भौतिक व्यवस्था | गा.पा. कार्यालयलाई आवश्यक पर्ने भौतिक अवस्था नभएको । हाल दुनैमा अस्थायी भवन भाडामा लिएर प्रयोग गरिएको । | स्थानीय तह कार्यान्वयन प्रश्चात भौतिक स्रोत साधन अपुग भएको हुदा थप घर भाडामा लिइयो, भौतिक सामाग्री खरिद गरियो तथा कार्यालय सञ्चालनका लागि आवश्यक स्रोत साधन जुटाउन थप निति सहित बजेट माग गरियो । | थप भौतिक स्रोत साधन पश्चात कार्यालयबाट प्रदान गरिने सेवा प्रभावकारी, छिटो छरितो भएको छ । |
| समन्वय र सहकार्यको प्रयासहरु | स्थानीय, जिल्ला, क्षेत्र, विभाग र मन्त्रालय संग आवश्यक सहकार्य समन्वय गरिएको थियो । | सहकार्य र समन्वयको अवस्था कायम गर्न विभिन्न छलफल अन्तर्क्रिया गर्ने गरिएको । | समन्वय र सहकार्यले सेवा गुणस्तरीय, प्रभावकारी भएको । |
| अन्य सामाजिक सम्पादनका क्षेत्रहरु | सामाजिक क्षेत्रका विषयमा कार्यसम्पादन सन्तोषजनक थियो । | आगामी दिनहरुमा पनि थप प्रयास गर्ने । | सामाजिक क्षेत्रका सबै क्षेत्रहरुमा उपलब्धी दखिन्छ । |

श्रोतः गा.पा. सुचना शाखा

## ९. गत वर्षमा भोगेका समस्याहरु

- गाउँकार्यपालिका तथा वडा कार्यालयहरुको भौतिक संरचना (भवन) को अभाव ।
- दक्ष, सक्षम एवं आवश्यक जनशक्तिको न्युन उपलब्धता ।
- विकासको अपेक्षा तथा जनताको आवश्यकता अनुरुपको बजेटको अभाव ।
- जग्गाको अद्यावधिक नापी (हाल साविक) नहुँदा अन्य जनताको भवन निर्माण लगायतमा समस्या ।
- कानुन निर्माणमा द्विविधा र सुस्तता ।

## १०. सुधारको लागि चाल्नुपर्ने कदमहरु तथा सुझावहरु

- भौतिक संरचना (भवन निर्माण सम्बन्धि) स्पष्ट मार्ग दर्शन सहितको बजेट र अख्तियारी उपलब्ध गराउनुपर्ने ।
- संघीय तथा प्रादेशिक कानुनहरु छिटो उपलब्ध गराउनुपर्ने तथा स्थानीय तहलाई कानुन निर्माण सम्बन्धमा पर्याप्त र यथेष्ट मार्ग दर्शन तालिम र बजेटको व्यवस्था हुनुपर्ने ।
- कर्मचारी समायोजन प्रकृया छिटो सम्पन्न गरी संगठन संरचना र जनशक्ति व्यवस्थापनलाई पुर्णता दिनुपर्ने ।
- संविधानको अनुसुची ९ अन्तर्गतका साझा अधिकारका क्षेत्रमा संघीय तथा प्रदेश कानुन छिटो जारी हुनुपर्ने ।
- संघ वा केन्द्रबाट समायोजन भई आउने जनशक्तिको छिटो परिपुर्ति हुनुपर्ने तथा स्थानीय तहलाई ओ.डि. गर्ने सहितको उपयुक्त वातावरण व्यवस्था गर्नुपर्ने ।,
- संघ तथा प्रदेशबाट स्थानीय तहलाई आउने राजश्व बाँडफाँडको रकम स्पष्ट तथ्यांक सहित नियमित र समयमै उपलब्ध हुनुपर्ने ।
- स्थानीय जनप्रतिनिधिहरु, उपभोक्ता समितिका सदस्यहरु, सम्मेलित गराई अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्नुपर्ने ।
- गा.पा.लाई प्रभावकारी बनाउन समावेशी प्रतिनिधित्व एंव सहमतिको आधारमा पूर्न गठन वा वर्तमानलाई नै अधिकार प्रत्यायोजन सहित जिम्मेवार बनाई छलफल एंव सहकार्यका साथ अगाडि बढ्न जरुरी छ ।
- वार्षिक रुपमा नै गरिएको सम्पूर्ण विकासका बारेमा वार्षिक नगर विकास योजनामा उल्लेख गरिनु पर्ने ।
- जनसहभागितामा आधारित विकासका कामहरुलाई अझ प्रभावकारी र प्राथामिकता दिनु पर्ने ।
- योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा परीक्षणमा जनसहभागिता जुटाउने कार्यहरु सञ्चालन गर्ने ।
- राजनैतिक स्वच्छता र सकृयतालाई प्रवद्धन गर्दै दिगो विकासका कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने ।
- गरिब, उत्पिडित, विपन्न तथा एकल महिला र फरक पहिचान भएका व्यक्तिहरुलाई प्राथामिकता दिँदै उनिहरुलाई आत्मनिर्भर हुने कार्यक्रमहरु सञ्चालन गर्नमा जोड दिने ।
- मिडियाको प्रयोग गरी गा.पा. द्वारा भएका तथा आगामी दिनहरुमा हुने हरेक क्रियाकलापहरुको बारेमा बढी भन्दा बढी जनताहरुलाई जानकारी गराउने प्रयत्न गर्नु पर्ने ।

- वडा भेलाबाट पारित योजनाहरुलाई प्राथमिकता दिनु पर्ने ।
- गा.पा.ले आफ्नो जिम्मा मा रहेको सबै सम्पत्तिहरुको विवरण अद्यावधिक  गर्नुपर्ने ।
- फोहोर मैला व्यवस्थापन कार्यमा निजि क्षेत्र र नागरिक समाजलाई समेत परिचालन गर्नुपर्ने ।

## अनुसूची-२

## ११. योजानाहरुको स्थलगत अवलोकन प्रतिवेदन विवरण

### ❖ वडा नं. २ नेर्कु देखि याली सम्म सिंचाई निर्माण योजना

- जम्मा लागत रु ४८,०२,००४.६३।-खर्च भएको ।
- गा.पा.बाट अनुदान रु ४०,००,०००। प्राप्त ।
- जनश्रमदान रु ८,०२,००४.६३। जम्मा गरिएको ।
- योजनाबाट करिब ३५ घरधुरी लाभान्वित रहेको ।

**नोटः-** योजना निर्माण पुर्व त्यस क्षेत्रमा खेतीपातीको लागि सिंचाईको चरम अभाव थियो जसले गर्दा बालीनाली हुने सिजनमा पनि बालीनाली उत्पादन हुन नसक्ने अवस्था थियो यसले गर्दा स्थानीयहरुलाई दैनिकी उपभोगको लागि चाहिने अन्नबालीको अभाव हुने समस्याले गर्दा यो योजना बनाइएको हो । हाल योजना निर्माण पश्चात सो समस्या हटेको देखिन्छ साथै यस योजनाले ४० देखि ४५ रोपनी जग्गामा सिंचाईको सुविधा पुगेको देखिन्छ । सम्पन्न योजनामा छेकबारको लागि तारजाली समेत जडान गरिएको छ । सिंचाई योजना गा.पा. र स्थानीय जनसमुदाय सबैको सहकार्यमा बिना हस्तक्षेप सम्पन्न भएको स्थानीयबासी बताउनुहुन्छ । साथै आगामी दिनमा यस योजनालाई अझ स्तरोन्नती गर्न बेला बेलामा गा.पा.ले मर्मत संभार गर्नुपर्ने पनि स्थानीयबासी बताउनुहुन्छ ।



## ❖ वडा नं. ३ छुइतीन देखि स्याक्लुङ सम्म सिंचाई निर्माण योजना

- जम्मा लागत रु ६०,००,३३६.८२।-खर्च भएको ।
- गा.पा.बाट अनुदान रु ५०,००,०००। प्राप्त ।
- जनश्रमदान रु १०,००,३३६.८२। जम्मा गरिएको ।
- योजनाबाट करिब २२ घरधुरी लाभान्वित रहेको ।

**नोटः-** योजना निर्माण पुर्व त्यस क्षेत्रमा खेतीपातीको लागि सिंचाईको चरम अभाव थियो जसले गर्दा बालीनाली हुने सिजनमा पनि बालीनाली उत्पादन हुन नसक्ने अवस्था थियो यसले गर्दा स्थानीयहरुलाई दैनिकी उपभोगको लागि चाहिने अन्नबालीको अभाव हुने समस्याले गर्दा यो योजना बनाइएको हो । हाल योजना निर्माण पश्चात सो समस्या हटेको देखिन्छ साथै यस योजनाले ३५ देखि ४० रोपनी जग्गामा सिंचाईको सुविधा पुगेको देखिन्छ । सम्पन्न योजनामा पानी निकासीको लागि नाला र पाईपहरु जडान गरिएको छ । सिंचाई योजना गा.पा. र स्थानीय जनसमुदाय सबैको सहकार्यमा बिना हस्तक्षेप सम्पन्न भएको स्थानीयबासी बताउनुहुन्छ । साथै आगामी दिनमा यस योजनालाई अझ स्तरोन्नती गर्न बेला बेलामा गा.पा.ले मर्मत संभार गर्नुपर्ने पनि स्थानीयबासी बताउनुहुन्छ ।

## ❖ वडा नं. ४ काव्रु लाप्चे घेचा हुदै छोलाङ सम्म सिंचाई निर्माण योजना

- जम्मा लागत रु ६०,३१,४०१.६८।-खर्च भएको ।
- गा.पा.बाट अनुदान रु ५०,००,०००। प्राप्त ।
- जनश्रमदान रु १०,३१,४०१.६८। जम्मा गरिएको ।
- योजनाबाट करिब वडा ४ का सम्पुर्ण घरधुरी लाभान्वित रहेको ।

**नोटः-** योजना निर्माण पुर्व यस क्षेत्रमा खेतीपातीको लागि पानीको अभावले जग्गानै सुख्खा हुन्थ्यो साथै यस वडा ४ मा यस क्षेत्रमा मात्र सिमित खेतीको लागि ठाउँ भएकोले यो योजना बनाइएको हो । हाल योजना निर्माण पश्चात वर्खामा खेती जमिनमा सिंचाइको सुविधा पुगेको देखिन्छ साथै यस योजनाले ३७ रोपनी जग्गामा सिंचाईको सुविधा पुगेको देखिन्छ । सम्पन्न योजनामा पानी निकासीको लागि नाला र पाईपहरु जडान गरिएको छ । सिंचाई योजना गा.पा. र स्थानीय जनसमुदाय सबैको सहकार्यमा बिना हस्तक्षेप सम्पन्न भएको स्थानीयबासी बताउनुहुन्छ । साथै आगामी दिनमा यस योजनालाई अझ स्तरोन्नती गर्न बेला बेलामा गा.पा.ले मर्मत संभार गर्नुपर्ने पनि स्थानीयबासी बताउनुहुन्छ ।





## ❖ वडा नं. १ कावु देखि पुरानो बस्ती सम्म खानेपानी निर्माण योजना

- जम्मा लागत रु ४८,०८,१६५.९६।-खर्च भएको ।
- गा.पा.बाट अनुदान रु ४०,००,०००। प्राप्त ।
- जनश्रमदान रु ८,०८,१६५.९६। जम्मा गरिएको ।
- योजनाबाट करिब ६५ घरधुरी लाभान्वित रहेको ।

**नोटः-** योजना निर्माण पुर्व यस बस्तीमा खानेपानी पिउनको लागि भेरी नदिबाट धेरै समय खर्चेर ल्याउनु पर्ने दुःख थियो र त्यसरी नदिबाट प्रत्यक्ष रुपमा खानेपानी उपभोग गर्दा पनी स्वच्छ नहुने समस्या थियो । हाल योजना निर्माण पश्चात भेरी नदिको मुहानबाट पानी पाईपबाट व्यवस्थित रुपमा बस्तीको घरघरमा ल्याइएको छ । यसबाट पहिले स्थानीबासीले भोग्नु परेको सास्ती हटेको छ । अहिले स्थानीयलाई पानी पिउन तथा दैनिकी पानीको उपभोगमा सहजता प्रदान गरेको छ । गा.पा.लगायत स्थानीयको सहकार्यमा योजना सम्पन्न भएको स्थानीय जनताको राय रहेको छ साथै गा.पा.को यस कार्यबाट जनता निकै खुसी भएका देखिन्छन् । भोलिको दिनमा यस योजनालाई थप स्तरोन्नती गर्न पानीको मुहान र पाइपलाइनलाई मर्मत संभार गर्नुपर्ने स्थानीयबासीको गा.पा.प्रति अपेक्षा रहेको छ ।

## ❖ वडा नं. ५ पिम्री ज्युलो घेराबार निर्माण योजना

- जम्मा लागत रु ४८,४०,०५०.००।-खर्च भएको ।
- गा.पा.बाट अनुदान रु ४०,००,०००। प्राप्त ।
- जनश्रमदान रु ८,४०,०५०.००। जम्मा गरिएको ।
- योजनाबाट करिब ६५ घरधुरी लाभान्वित रहेको ।

**नोटः-** घेराबार योजना निर्माण पुर्व त्यस क्षेत्रमा स्थानीयको खेतीबालीमा बन्यजन्तु तथा घरेलु पशुहरुले अन्नबाली खाएर नाश गरिदिने गर्थ्यो जसले गर्दा स्थानीयबासीहरुले अन्नबालीको निकै क्षतिपुर्ति सहनुपर्ने बाध्यता थियो त्यसरी बन्य र घरेलु जन्तुहरुले अन्नबाली नाश हुँदा समेत स्थानीय जनताले ती जन्तुहरुलाई मार्ने नमिल्ने अवस्था थियो सोहि कारण यस क्षेत्रमा तार घेराबारी निर्माणको आवश्यकता महसुश भएर यो योजना निर्माण गरिएको हो । हाल योजना निर्माण पश्चात केहि हदसम्म सो समस्या हटेको देखिन्छ जसले गर्दा स्थानीबासीले उत्पादन गरेका अन्नबाली सुरक्षित रुपमा उपभोग गर्ने गरेका छन् । सबैको सहकार्यमा योजना सम्पन्न भएको छ भने आगामी दिनहरुमा यस घेराबारलाई अझ सुरक्षित गर्न गा.पा.ले बेलाबखत मर्मत संभार गरिदिनुपर्ने स्थानीबासी बताउनुहुन्छ ।

## ❖ वडा नं. ६ मुकोट ज्युलो घेराबार निर्माण योजना

- जम्मा लागत रु २२,०४,६९६.१०।-खर्च भएको ।
- गा.पा.बाट अनुदान रु २०,००,०००। प्राप्त ।
- जनश्रमदान रु २,०४,६९६.१०। जम्मा गरिएको ।
- योजनाबाट करिब ३६ घरधुरी लाभान्वित रहेको ।

**नोटः-** घेराबार योजना निर्माण पुर्व त्यस क्षेत्रमा स्थानीयको खेतीबालीमा बन्यजन्तु तथा घरेलु पशुहरुले अन्नबाली खाएर नाश गरिदिने गर्थ्यो जसले गर्दा स्थानीयबासीहरुले अन्नबालीको निकै क्षतिपुर्ति सहनुपर्ने बाध्यता थियो त्यसरी बन्य र घरेलु जन्तुहरुले अन्नबाली नाश हुँदा समेत स्थानीय जनताले ती जन्तुहरुलाई मार्ने नमिल्ने अवस्था थियो सोहि कारण यस क्षेत्रमा तार घेराबारी निर्माणको आवश्यकता महसुश भएर यो योजना निर्माण गरिएको हो यसमा बाक्लो ढुङ्गाको पर्खाल हालिएको छ । हाल योजना निर्माण पश्चात केहि हदसम्म सो समस्या हटेको देखिन्छ जसले गर्दा स्थानीबासीले उत्पादन गरेका अन्नबाली सुरक्षित रुपमा उपभोग गर्ने गरेका छन् । सबैको सहकार्यमा योजना सम्पन्न भएको छ भने आगामी दिनहरुमा यस घेराबारलाई अझ सुरक्षित गर्न गा.पा.ले बेलाबखत मर्मत संभार गरिदिनुपर्ने स्थानीबासी बताउनुहुन्छ ।